वैठक संख्या ५

आज मिति २०७४ माघ ५ गते शुक्रबार दिनको १:३० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

तपशिल

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुबेदी | प्रमुख | |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | |
| ४ | श्री घनश्याम गौतम | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुबेदी | सदस्य | |
| ६ | श्री राम कुमार राई | सदस्य | |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | |
| ८ | श्री उदय बहादुर राई | सदस्य | |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | |
| १० | श्री धनपति गौतम | सदस्य | |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री यम बहादुर पोखेल | सदस्य | |
| १४ | श्री खिनामाया थापा | सदस्य | |
| १५ | श्री गिता शिवा | सदस्य | |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | |
| १७ | श्री सुनीता चौधरी | सदस्य | |
| १८ | श्री सुजान राजवंशी | सदस्य | |
| १९ | श्री गिता गिरी | सदस्य | |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | |
| २२ | श्री गणेश प्रसाद दाहाल | प्र.प्रशासकिय अधिकृत | |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | शाखा अधिकृत (सातौं) | |
| २ | टेकनाथ रेग्मी | लेखा अधिकृत | |
| ३ | बलराम गौतम | लेखापाल | |
| ४ | दिनेश खड्का | का.संयोजक | |

## प्रस्तावहरु

१. उपभोक्ता समिति गठन निर्देशन

२. कर्मचारी छनौट समितिको प्रतिवेदन

३. सामाजिक परिचालकको सेवा सम्बन्धमा ।

४. जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १:** प्रस्ताव नं. १ मा छलफल गर्दा तपशिल बमोजिमको उपभोक्ता समिति गठन सम्बन्धि निर्देशन दिने निर्णय गरियो ।

तपशिल

### उपभोक्ता समिति गठन सम्बन्धी निर्देशन

बेलवारी नगरपालिकाको नगरसभा बाट पारित चालु आ.व. २०७४।०७५ को बार्षिक योजना र कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्वन्धमा गठन हुने उपभोक्ता समितिमा सम्वन्धित समुदायका सबै घरधुरीलाई उपभोक्ताहरुको भेला बस्ने विषय, स्थान, मिति र समय सम्वन्धित वडा कार्यालयबाट जानकारी गराई उक्त भेलामा देहायका कार्यहरु गर्नु गराउनु पर्नेछ :

१. उपभोक्ता भेला आयोजना गर्दा प्रस्तावित आयोजनाबाट लाभान्वित क्षेत्र स्थानमा स्थायी रुपमा बसोबास गर्ने उपभोक्ताहरुको भेला गराउनु पर्नेछ ।

२. उपभोक्ता समिति गठन गर्दा जनप्रतिनिधि र स्थानीय तहका सरकारी कर्मचारीको रोहवरमा मात्र गर्नु पर्नेछ ।

३. उपभोक्ता समिति गठन गर्न रोहवरमा बस्ने व्यक्ति वा निकायले आयोजना सम्वन्धि स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट विवरण बारे बिस्तृत रुपमा सम्वन्धित उपभोक्ता समूह तथा स्थानीय सामुदायिक संस्थाहरुलाई जानकारी गराउनु पर्नेछ ।

४. यस्तो भेला आयोजनाबाट प्रत्यक्ष फाईदा पुग्ने, सम्वन्धित क्षेत्रका प्रत्येक घरधुरीहरुबाट यथासंभव प्रतिनिधित्व हुने ब्यवस्था गर्नुको साथै पिछडिएका र बन्चितिकरणमा परेका बर्ग, समुदाय, महिला, बालवालिका, अपाङ्गता भएका व्यक्तिको उपस्थिति समेत सुनिश्चित गर्नु पर्नेछ ।

५. भेलाले सर्वसम्मत तरिकाले सम्वन्धित क्षेत्रका उपभोक्ता मध्येवाट सबै वर्ग, जातजाति, लिङ्ग र क्षेत्रको प्रतिनिधित्व हुनेगरी उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

६. समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष समेत गरी जम्मा ७ देखि ११ जना सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ । समितिका सम्पूर्ण सदस्यहरु मध्ये कम्तिमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुनु पर्नेछ ।

७. समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला हुनु पर्नेछ । साथै आयोजना क्षेत्रका उपभोक्ताहरुको जातिगत संरचना तथा विशेषता अनुसार दलित, मधेसी, आदिवासी जनजाती तथा पिछडिएका वर्गको प्रतिनिधित्व सुनिश्चित भएको हुनु पर्नेछ ।

८. स्थानीय तहका निर्वाचित बहालवाला पदाधिकारी, कुनैपनि राजनैतिक दलको प्रमुख, वहालवाला राष्ट्रसेवक कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेस्की वा बेरुजु फछ्र्यौट नगरेको व्यक्ति, सामाजिक, आर्थिक रुपमा विवादित व्यक्ति, नगरपालिकालाई तिर्नु पर्ने करदस्तुर नतिरेको व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् । साथै एकै समयमा एक जना व्यक्ति एक भन्दाबढी उपभोक्ता समितिको सदस्य हुन र एक घरधुरीबाट एकजना भन्दा बढी सदस्य हुन पाईने छैन ।

९. आयोजना संचालन गर्दा उपभोक्ता समितिका सदस्यहरुको काम, कर्त्वय र अधिकार बाँडफाँड, खाता संचालन एवं लागत सहभागिता व्यहोर्नु पर्ने भए त्यसको अंश र त्यसको मापदण्ड बारे छलफल गरी निर्णय गर्नु पर्नेछ । लागत सहभागिता वापत व्यहोर्नु पर्ने अंश नगरपालिकाको संचित कोषमा अग्रिम रुपमा जम्मा गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१०. उपभोक्ता भेलाको उपस्थिति र निर्णय सहितको माईन्युट तयार गर्नु पर्नेछ । परियोजना /आयोजना संचालन हुने स्थानको परियोजना संचालन पुर्वको अवस्था झल्कने फोटो खिच्नु पर्नेछ । आयोजना संझौता गर्दा माईन्युट र फोटो अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

११. उपभोक्ता समितिलाई काममा सहयोग पुर्‍याउन उपभोक्ता समितिको सदस्यको संयोजकत्वमा खरिद उपसमिति, लेखा उपसमिति, निर्माण उपसमिति आदि गठन गर्ने सकिनेछ । आयोजनाको अनुगमन मुल्याङ्कन र सिफासिस गर्ने प्रयोजनका लागि बढिमा ५ सदस्यीय अनुगमन मुल्याङ्कन समिति उपभोक्ता समिति गठन गर्दा नै अनिवार्य रुपमा गठन गर्नु पर्नेछ । काम सम्पन्न भएपछि फरफारकको लागि अनुगमन समितिको सिफारिस र वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

१२. आयोजनाको गुणस्तर कायम गर्ने नसक्ने, आर्थिक हिनामिनामा संलग्न हुने उपभोक्ता समिति, वा व्यक्तिलाई प्रचलित कानुन बमोजिम कार्यवाही चलाईनेछ र भविष्यमा कुनै पनि आयोजना संचालनमा संलग्न हुन नपाउने गरी कालो सूचीमा राखिनेछ ।

१३. एउटै आयोजनाको लागि दुईवटा उपभोक्त समितिहरु गठन गर्न पाईने छैन । साथै उपभोक्ता समितिलाई उपलब्ध गराएको एउटा कार्य सम्पन्न नभए सम्म आयोजना निर्माण तथा सञ्चालन सम्वन्धी अर्को कामको जिम्मेवारी दिन पाईने छैन ।

१४. प्राप्त निर्देशन, प्रकृया र मापदण्ड विपरित उपभोक्ता वा अनुगमन समिति गठन गरेको वा सिफारिस नगरेको पाईएमा यसरी गठन वा सिफारिसलाई मान्यता दिइने छैन ।

१५. उपभोक्ता समितिहरुलाई आयोजना संचालन सम्वन्धि आवश्यक व्यवहारिक ज्ञान र जानकारी दिनका लागि नगरपालिकाले अभिमुखिकरण गोष्ठि आयोजना गर्नेछ । यस्तो अभिमुखिकरण गोष्ठि संचालनका लागि सम्बन्धित बडाले नगरपालिकाको सम्बन्धित शाखामा समन्वय गरी मिति र समय तय गर्न सक्नेछ ।

१६. उपभोक्ता समितिहरुको गठन सम्वन्धि कुनै विवाद आएमा सम्वन्धित वडाका जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, संघ संस्था र स्थानीय समाजसेवी बुद्धिजिविहरुको पहलमा सहमतिमा ल्याउने प्रयास गर्नुपर्नेछ । त्यसवाट पनि समाधान ननिस्किएमा बेलवारी नगर कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

१७. प्रत्येक आयोजना वा कार्यक्रमहरुको विस्तृत विवरण खुलाई आयोजना वोर्ड बनाई राख्नु पर्नेछ । यसका लागि कम्तिमा २ लाख ५० हजार भन्दा माथिको योजनाको लागि अनिवार्य होर्डिङ्ग वोर्ड राख्नु पर्नेछ ।

१८. सबै संचालित योजना वा कार्यक्रमहरुको सार्वजानिक परिक्षण गर्नु पर्नेछ । यसका लागि योजना वा कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरुको सहभागिता अनिवार्य गर्नु पर्नेछ ।

**निर्णय नं. २:** प्रस्ताव नं. २ मा छलफल हुदाँ मिति २०७४।०८।२६ मा गठित बेलबारी नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक प्राविधिक कर्मचारी करार सेवामा छनौट गर्न गठित छनौट समितिले देहाय बमोजिमका विज्ञापन/पदमा

तपशिल बमोजिमका कर्मचारी छनौट गरी पेश गरेको प्रतिवेदन स्वीकृत गरी करारमा संझौता गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**(क) वि.नं. ०१/०७४/७५ पदः सिभिल ईन्जिनियर (अधिकृतस्तर छैटौ) आवश्यक पद संख्याः १**

| क.सं. | रो.नं. | सफल उमेदवारको नाम थर | ठेगाना |
|---|---|---|---|
| १ | ११३ | श्री बालकृष्ण निरौला | चैनपुर न.पा. ८ संखुवासभा |
| | | | |
| **क.सं.** | **रो.नं.** | **वैकल्पिक उमेदवारको नाम थर** | **ठेगाना** |
| १ | १०७ | श्री पुष्पक प्रधान | विराटनगर म.न.पा.१० मोरङ |

**(ख) वि.नं. ०२/०७४/७५ पदः सूचना प्रविधि अधिकृत (अधिकृतस्तर छैटौ) आवश्यक पद संख्याः १**

| क.सं. | रो.नं. | सफल उमेदवारको नाम थर | ठेगाना |
|---|---|---|---|
| १ | २१५ | श्री मनिष सुवेदी | बेलबारी न.पा. ३ मोरङ |
| **क.सं.** | **रो.नं.** | **वैकल्पिक उमेदवारको नाम थर** | **ठेगाना** |
| १ | २०६ | श्री रविन रिमाल | बेलबारी न.पा. ४ मोरङ |

**(ग) वि.नं. ०५/०७४/७५ पदः अमिन सर्भे (सहायकस्तर चौथो) आवश्यक पद संख्याः १**

| क.सं. | रो.नं. | सफल उमेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | ५०५ | श्री रचना लुइटेल | सुन्दरहरैचा ८ मोरङ |
| **क.सं.** | **रो.नं.** | **वैकल्पिक उमेदवारको नामथर** | **ठेगाना** |
| १ | ५११ | श्री कमलेश कुमार यादव | वोदे वसाइन १० सप्तरी |

**(घ) वि.नं. ०३/०७४/७५ पदः सब ईन्जिनियर (सहायकस्तर पाचौ) आवश्यक पद संख्याः २**

| क.सं. | रो.नं. | सफल उमेदवारको नामथर | ठेगाना |
|---|---|---|---|
| १ | ३२१ | श्री अजित महत्तरा | बेलबारी न.पा. १ मोरङ |
| २ | ३०२ | श्री विप्लव राजवंशी | बेलबारी न.पा. ८ मोरङ |
| **क.सं.** | **रो.नं.** | **वैकल्पिक उमेदवारको नामथर** | **ठेगाना** |
| १ | ३०५ | श्री रन्जित राजवंशी | बेलबारी न.पा. ८ मोरङ |
| २ | ३०१ | श्री विशाल दाहाल | बराहा न.पा.४ सुनसरी |

**(ङ) वि.नं. ०४/०७४/७५ पदः अ.सब इन्जिनियर (सहायकस्तर चौथो) आवश्यक पद संख्याः ३**

| क.सं. | रो.नं. | सफल उमेदवारको नाम थर | ठेगाना |
|---|---|---|---|
| १ | ४०१ | श्री गुणराज तिम्सिना | बेलबारी न.पा. ८ मोरङ |
| २ | ४०३ | श्री सपना खड्का | बेलबारी न.पा. ७ मोरङ |
| ३ | ४०२ | श्री योगेन्द्र गौतम | बेलबारी न.पा. १ मोरङ |
| **क.सं.** | **रो.नं.** | **वैकल्पिक उमेदवारको नाम थर** | **ठेगाना** |
| १ | ४१३ | श्री रेनुका राजवंशी | कानेपोखरी गा.पा. ७ मोरङ |
| २ | ४२६ | श्री अमर कुमार गुरुङ्ग | बर्जु गा.पा.१ सुनसरी |

**निर्णय नं. ३:** यस नगरपालिकाको कार्यालयमा साविक रुपमा कार्यरत तपशिलका कर्मचारीहरुको म्याद मिति २०७४।९।१७ देखि साविक बमोजिम खाइपाई आएको सेवा सुविधा निरन्तरता हुने गरी करार सेवामा चालु आर्थिक वर्षको आषाढ मसान्तसम्मको लागि नविकरण गरिने निर्णय गरियो ।

कार्यक्रम संयोजकः दिनेश खड्का

सामाजिक परिचालकः खगेन्द्र गौतम

सामाजिक परिचालकः राधेश्याम शाह

सामाजिक परिचालकः सुरेश कार्की

सामाजिक परिचालकः केशव ढकाल

**निर्णय नं. ४:** जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धमा प्रदेश सरकार गठन हुने तयारीमा रहेको र नेपाल सरकारको समेत स्पष्ट नीति निर्देशन प्राप्त भएपछि लागू गर्ने गरी पछिको वैठकबाट निर्णय लिने निर्णय गरियो ।

**विशेष निर्णयः** सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको मिति २०७४ माघ ६ गते बेलबारी नगरपालिकाको नक्सलबाडी स्थित श्री जनता आधारभूत विद्यालयको कार्यक्रममा सरिक हुनु हुने हुदाँ उहाँको सम्मानमा बेलबारी नगरवासीको तर्फबाट नगर प्रमुखज्यूबाट अभिनन्दन गर्ने निर्णय गरियो ।